Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३२९ | वि.सं. २०८२ चैत ७ शनिवार | नेपाल संवत्: ११४५, चैत्र कृष्णपक्ष तृतीया | Saturday 21 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णालीमा कसरी भइरहेको छ इन्धनको सहज आपूर्ति ?

७५ बर्ष उमेर भन्दा माथिका ज्येष्ठ नागरिक, पूर्ण रुपले अशक्त र अपाङ्गता भएका व्यक्ति एवम् भाडामा बस्ने विद्यार्थीहरुलाई प्राथमिकताका आधारमा न्यूनतम परिमाणमा वितरण गर्न विक्रेताले ध्यान दिनुपर्नेछ। संकटको समयमा इन्धन अभावका बारेमा सामाजिक सञ्जालमा नकारात्मक अफवाह फैलाए प्रहरीले तत्काल कारवाही गर्न सक्नेछ।

**ओम शाही**
**सुर्खेत, ६ चैत ।**

मध्यपूर्वी देश इरानमा अमेरिका र इजरायलले आक्रमण सुरु गरेपछि उत्पन्न तनावको असर विश्वव्यापी परेको छ। यसको असरबाट नेपाल पनि अछुतो छैन। मध्यपूर्वको तनावले अहिले विश्वव्यापी इन्धन आपूर्तिको श्रृंखला नै बिग्रिएको छ। विश्वको २० प्रतिशत इन्धन आपूर्ति हुने स्ट्रेट अफ होर्मुजमा इरानले निरन्तर निसाना बनाइरहँदा तेलको आपूर्ति शृंखला बिग्रिएको छ।

हालसम्म भारतमा नियमित इन्धनको कच्चा पदार्थ आयात भइरहेकाले नेपालमा संकट चुलिएको छैन। तर नेपाल आयल निगमले खाना पकाउने एलपी ग्यास आधा सिलिण्डर दिन सुरु गरेको छ। यसका साथै इन्धनमा चर्को मूल्यवृद्धिसमेत भएको छ। वीरेन्द्रनगरमा हालसम्म खाना पकाउने ग्यास, पेट्रोल र डिजेल नियमितरुपमा आपूर्ति भइरहेको छ।

केही दिन उपभोक्ताहरुले आवश्यकताभन्दा बढी सिलिण्डर होल्ड गरेपछि अभाव देखिएको ग्यास अहिले नियमित बनिरहेको छ। इन्धन आपूर्तिलाई नियमित र कालोबजारी हुन नदिन जिल्ला प्रशासन कार्यालय सुर्खेतले अग्रसरता लिएको छ। बिहिबार प्रशासनले जिल्लास्थित सरोकारवाला

बाँकी ४ पेजमा




## अशक्त, अपाङ्गता र विद्यार्थीलाई प्राथमिकतामा राख्नुपर्ने

प्रजिअ उपाध्यायका उनका अनुसार ७५ बर्ष उमेर भन्दा माथिका ज्येष्ठ नागरिक, पूर्ण रुपले अशक्त र अपाङ्गता भएका व्यक्ति एवम् भाडामा बस्ने विद्यार्थीहरुलाई प्राथमिकताका आधारमा न्यूनतम परिमाणमा वितरण गर्न विक्रेताले ध्यान दिनुपर्नेछ।

त्यस्तै, उद्योगले वितरण गरेको ग्याँस उचित रुपमा विक्रेताबाट विक्री वितरण भए नभएको, अनावश्यक सञ्चिति भए नभएको, मूल्यवृद्धि भए नभएको सम्बन्धमा सरोकारवाला निकायहरुबाट नियमित अनुगमन गर्ने निर्णय समेत भएको उनले

बाँकी ४ पेजमा

## सामाजिक सञ्जालमा भ्रम फैलाए कारवाही हुने

संकटको समयमा इन्धन अभावका बारेमा सामाजिक सञ्जालमा आउने नकारात्मक अफवाह फैलाए नेपाल प्रहरीले तत्काल कारवाही गर्न सक्नेछ। यस्तै, राष्ट्रिय गौरवका तथा विकास निर्माण (सडक, सिचाई, खानेपानी, विद्युत, कृषि आदी) आयोजनाको र अत्यावश्यक सेवाका लागि आवश्यक पर्ने इन्धन सम्बन्धित कार्यालयको सिफारिसमा इन्धनको दुरुपयोग नहुने गरी आयल निगमले उपलब्ध गराउने छ।

सम्बन्धित विक्रेताले सोको अभिलेख अनिवार्य रुपमा नेपाल आयल निगमलाई उपलब्ध गराउनु पर्ने घिमिरेले बताए। खुल्ला रुपमा वोतल, जर्किन लगायतमा पेट्रोलियम पदार्थको विक्री वितरण गर्ने कार्यलाई पूर्णतः निषेध गरी प्रभावकारी कार्यान्वयन गर्ने, पेट्रोलियम पदार्थको खरिद विक्रि सम्बन्धी कारोबार गर्ने व्यवसायीहरुले अनिवार्य रुपमा विल बिजक जारी गरेर मात्र आपूर्ति गर्ने, विद्युतीय चुल्हो प्रयोग गरी एल.पी. ग्याँस माथिको निर्भरता कम गर्न आमउपभोक्तामा अनुरोध गर्ने निर्णयसमेत सरोकारवालाबीच भएको छ।

बाँकी ४ पेजमा

# खाद्यको नेपालगन्जस्थित गोदाममा थन्कियो १९ हजार क्विन्टल चामल



**युग संवाददाता**
**बाँके, ६ चैत ।**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नेपालगञ्जस्थित गोदाममा १९ हजार क्विन्टल चामल थन्किएको छ। हाल जिरा मसिनो, अरुवा मसिनो र अरुवा मोटो गरेर १९ हजार क्विन्टल चामल गोदाममा थन्किएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जका प्रमुख रामशरण लामिछानेले जानकारी दिए।

उनका अनुसार गोदाममा हाल जिरा मसिनो चामल पाँच हजार क्विन्टल, अरुवा मसिनो चामल पाँच हजार क्विन्टल र अरुवा मोटो चामल नौ हजार क्विन्टल मौज्दात रहेको छ। यसै वर्ष खरिद गरिएको र कुटाउन बाँकी रहेको १० हजार क्विन्टल धान पनि भण्डारणमा छ।

गोदाममा रहेको चामलको खुद्रा तथा थोक बिक्री गर्ने कार्य भइरहेको छ। कर्णाली प्रदेशका जिल्लाबाट माग भई आएमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले पठाउने कार्य गरिरहेको छ। यसपटक चामलको मूल्य समायोजन भएर आउँदा प्रतिक्विन्टल रु ५०० देखि ६०० सम्म मूल्य घटेर आएको खाद्य कम्पनीका प्रमुख लामिछानेले बताए।

उनले खाद्य व्यवस्था कम्पनीको चामल गुणस्तरीय हुने र उपभोक्ताले विश्वास गर्ने गरिएकाले स्थानीय बजारसँग प्रतिस्पर्धा गर्न मूल्य समायोजन गरिएको बताए। कर्णाली प्रदेशका हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, मुगु र जाजरकोटमा रहेका खाद्यका डिपोमा अहिले पर्याप्त चामल रहेकाले कुनै समस्या नरहेको जनाउँदै प्रमुख लामिछानेले आवश्यक परे तत्काल पठाउनेगरी मौज्दात राखिएको लामिछानेको भनाई छ।

बाँकेमा यस वर्ष खाद्य व्यवस्था तथा व्यापार कम्पनीले २० हजार क्विन्टलमात्र धान खरिद गरेको थियो। जिल्लाका धेरै किसानले कम्पनीमा बिक्रीका लागि धान लिएर आए पनि कोटा कम भएको जनाउँदै सबै धान खरिद नगरेपछि फिर्ता जानुपरेको थियो। यस वर्ष सरकारले मोटा धान प्रतिक्विन्टल रु तीन हजार ४६३ र मध्यम धान प्रतिक्विन्टल रु तीन हजार ६२८ मा खरिद गर्नेगरी मूल्य तोकेको थियो।

# धनगढी-दीपायल द्रुतमार्गः दुई पक्की पुल निर्माण

**युग संवाददाता**
**कैलाली, ६ चैत ।**

धनगढी-खुटिया-विपीनगर-दीपायल द्रुतमार्गअन्तर्गत धनगढी-स्याउलेखण्डमा दुई वटा पक्की पुल निर्माण भएका छन्। सडक योजना कार्यालयका इन्जिनियर दीपक देवकोटाका अनुसार उक्त सडक खण्ड अन्तर्गत जोनापुर रसुकुटी खोलामा पक्की पुल निर्माण भएका हुन्। दुवै पुल रु तीन करोड १५ लाखको लागतमा बनेका हुन्।

पुल निर्माणभएसँगै त्यहाँ कालोपत्र र खोला किनारमा तटबन्ध पनि गरिएको छ। निर्माण कम्पनीले दुवै पुल धनगढी-खुटिया-विपीनगर-दीपायल सडक आयोजना कार्यालयलाई गत साता हस्तान्तरण गरेको इन्जिनियर देवकोटाले जानकारी दिए।

# कर्णालीबाट ३८ हजार विद्यार्थी एसइईमा सहभागी हुँदै

**युग संवाददाता**
**सुर्खेत, ६ चैत ।**

यही चैत १९ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा २०८२ मा कर्णाली प्रदेशबाट ३८ हजार विद्यार्थी सहभागी हुने भएका छन्। कर्णाली प्रदेशका १० जिल्लाका १६१ परीक्षा केन्द्रबाट नियमिततर्फ ३२ हजार २५५ र ग्रेड वृद्धितर्फ छ हजार १२४ गरी जम्मा ३८ हजार ३७९ विद्यार्थी सहभागी उक्त परीक्षामा सहभागी हुन थालेको शिक्षा विकास निर्देशनालय सुर्खेतका सूचना अधिकारी एवं परीक्षा शाखा प्रमुख खिमप्रसाद ढकालले जानकारी दिए।

उनले भने, "परीक्षामा सबैभन्दा बढी विद्यार्थी सुर्खेतका नौ हजार ७७९ संलग्न हुनेछन्। सबैभन्दा कम डोल्पाबाट ६७४ विद्यार्थी रहेका छन्, जहाँ परीक्षा केन्द्रमात्र चार छन्।" त्यस्तै दैलेखबाट छ हजार २५३, जाजरकोटबाट चार हजार ८१३, सल्यानबाट चार हजार १४२, रुकुमपश्चिमबाट तीन हजार ९२२ र कालीकोटबाट तीन हजार ७१७ विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा प्रमुख ढकालले बताए।

उनका अनुसार जुम्लबाट दुई हजार २५५, मुगुबाट एक हजार ५२४ र हुम्लाबाट एक हजार ३०० विद्यार्थी परीक्षामा भाग लिनेछन्। सुर्खेतमा ३४, दैलेखमा २२, कालीकोटमा २०, सल्यानमा १९, जाजरकोटमा र रुकुमपश्चिममा १६-१६, जुम्लामा १४, मुगुमा नौ, हुम्लामा सात र डोल्पामा चार परीक्षा केन्द्र रहेको शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ।

**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।**

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं।
- वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



कथा :

# जंगबहादुरको अफ्रिकी पुनर्जन्म



✍ भोजराज काफ्ले

**अध्याय एकः चित्कारको आरोहण**

पृथ्वीको कुनै एकान्त कुनाबाट हिमालयको काखमा युगौँदेखि लमतन्न परेर सुतेको एउटा प्राचीन देश, नेपालबाट केही चित्कारहरू ब्रह्माण्डको शून्यमा उक्लिरहेका थिए। ती चित्कारहरू कुनै रकेट वा स्याटेलाइटको धातुनिर्मित देहमा सवार थिएनन्; ती केवल पीडा, निराशा र विक्षोभको अदृश्य यानमा सवार थिए। ती ध्वनिहरू यति तिखा थिए कि तिनले समयको बाक्लो पर्दालाई समेत छेड्न सक्थे।

पहिलो चित्कार अरबको मरुभूमिबाट आएको थियो। पसिनाले निथ्रुक्क भिजेको एकजना युवाको अन्तिम सुस्केरा थियो, जसले भर्खरै ५० डिग्री सेल्सियसको तापमा अग्लो भवनको सिसा सफा गर्दा लडेर ज्यान गुमाएको थियो। उसको आवाजमा हजारौँ हत्केलाको जलन थियो, जो आफ्नै उर्वर भूमि, आफ्नै कोदोबारी र धानको खेत बाँझो राखेर अर्काको मरुभूमिलाई सिञ्चित गर्न अभिशप्त थिए। त्यो चित्कारले सोधिरहेको थियो– "आफ्नो उर्वर भूमि बाँझो राखेर कहिलेसम्म यो मरुभूमिको बालुवालाई पसिनाले सिञ्चित गर्ने ?" यो आवाजमा रेमिट्यान्सको चम्किलो तथ्याङ्कमा नदेखिने आँसुको नुनिलो स्वाद थियो; यो आवाजमा आफ्ना बालबच्चाको तस्बिर हेर्दै तातो क्याम्पमा सुस्ताउने बाबुको विवशता थियो।

दोस्रो चित्कार मध्यपूर्वको द्वन्द्वभूमिबाट आयो। यो चित्कार एउटी आमाको थियो, जसको छोरो 'कृषि पढ्न' भनी इजरायल गएको थियो र हमासको आक्रमणमा पराइको माटोमा, पराइको आस्थाको लडाइँमा मारिएको थियो। उसको चित्कारमा कुनै राजनीतिक सिद्धान्त थिएन, केवल आफ्नो सन्तानको छिन्नभिन्न शरीरको कल्पनाले पैदा गरेको आर्तनाद थियो। "इजरायल र हमासको युद्धमा मेरो निर्दोष छोरो किन शहीद हुने ?" यो प्रश्नमा पराइको बन्दुकले, पराइको झण्डाको लागि रगत बगाउनु परेको एउटा गरिब देशको नियतिको उपहास थियो।

तेस्रो चित्कार अझै चर्को, अझै भयावह थियो। यो साइबेरियाको चिसोमा जमेको सपनाको आवाज थियो। यो आवाज रुसी सेनाको बङ्करभित्रबाट आएको थियो, जहाँ एकजना नेपाली ठिटो युक्रेनी ड्रोनको निशाना पर्खिरहेको थियो। "दुई विशाल हात्तीको जुधाइमा यो कमिला किन मिचिनु ?" यो आवाजमा आफ्नै देशमा भविष्य नदेखेर, ज्यान हत्केलामा राखेर विदेशी सेनामा भर्ती हुन पुगेको युवाको भ्रम-टुटाइ थियो। "रुस र युक्रेनको लडाइँमा हामी किन भाग लिनु ?"

यी तीन चित्कारहरू, फरक भूगोलबाट आए पनि, तिनको स्रोत एउटै थियो– एउटा सुन्दर राज्य तर त्यसले आफ्ना नागरिकलाई दिन नसकेको सुरक्षा र भविष्यको ग्यारेन्टी।

**अध्याय दुईः देवलोकको कम्पन र आत्मा-अभिलेखागार** जब यी चित्कारहरूको तिखो लहरले अन्तरिक्ष यात्रा तय गर्दै देवलोकको सिमाना छोयो, त्यहाँको शाश्वत शान्तिमा एउटा अनौठो र अप्रत्याशित कम्पन पैदा भयो। इन्द्रको सभामा अप्सराहरूको नृत्य अकस्मात् रोकियो, वायुदेवको गतिमा अवरोध आयो र स्वयम् ब्रह्म, जो सृष्टिको अर्को अध्याय लेख्नमा तल्लीन थिए, उनको कलम रोकियो।

आफ्नो दिव्य आसनमा ध्यानमग्न देवताहरू एकैसाथ झस्किए। यो कस्तो मानवीय पीडा हो, जसले स्वर्गको जग नै हल्लाइदियो ?

उनीहरूको तेस्रो नेत्र, जो भूत, वर्तमान र भविष्यको 'कस्मिक सिसीटिभी' थियो, त्यो एकैसाथ पृथ्वीको त्यो सानो भूगोल, नेपालतर्फ सोझियो। उनीहरूले के देखे ?

उनीहरूले देखे– समयको गतिलाई आफ्नो थोत्रो कुर्सीको खुट्टामा बाँध्न खोज्ने जडवत् वृद्धहरूको एउटा झुण्ड।

उनीहरूले देखे– सत्ताको उन्मादमा र्‍याल काढेर बसेका, देशको ढुकुटीलाई आफ्नो निजी पेवा सम्झने शासकहरू।

उनीहरूले देखे– आफ्ना कलिला छोराछोरीलाई विदेशको रणभूमिमा मर्न पठाएर, यहाँ सिंहदरबारको वातानुकूलित कक्षमा बसेर राष्ट्रवादको खोक्रो र वाकवाकी लाग्दो भाषण गर्ने 'देशभक्त'हरू। उनीहरूले देखे– हजारौँ 'जंगबहादुर' बन्न सक्ने सम्भावना बोकेका युवाहरू, जो कि त त्रिभुवन विमानस्थलको 'डिपार्चर' कक्षमा आफ्नो पालो कुरिरहेका थिए, कि त 'सिस्टम' भनिने अदृश्य जाँतोमा घुनझैँ पिसिएका थिए।

यो दृश्यले देवताहरूलाई विचलित मात्र बनाएन, क्रोधित पनि तुल्यायो। सृष्टिको यो सुन्दर बगैँचा, ऋषिमुनिहरूको यो तपोभूमि, यस्तो झारपात र विषाक्त लताले कसरी जेलियो ? तत्काल देवसभा बस्यो। विष्णुले गम्भीर हुँदै भने, "हे देवगण, स्थिति नियन्त्रणबाहिर छ। त्यो पुण्यभूमि रसातलमा भासिँदैछ। अब त्यहाँ कुनै सामान्य, लोकतान्त्रिक वा 'सिस्टम'मा चल्ने आत्मा पठाएर हुँदैन। त्यहाँका मानिसहरूले लोकतन्त्रको फल चाखिसके, तर त्यसलाई पचाउन सकेनन्। उनीहरूलाई अब 'अङ्कुश' चाहिन्छ।"

शङ्करले आफ्नो डमरु बजाउँदै सहमति जनाए, "सत्य हो, प्रभु। अब नेपाललाई चाहिएको छ एउटा यस्तो आत्मा, जसमा निर्णय लिने अदम्य क्षमता होस्। जसमा क्रूरताको हदसम्मको अनुशासन होस्। जसमा राष्ट्रको सिमाना र आफ्नो शक्तिको परिभाषा आफैँ कोर्ने आँट होस्। हामीलाई अब 'सिस्टम' होइन, एउटा 'मान्छे' पठाउनु पर्यो।" ब्रह्मले आँखा खोले। "त्यसोभए इतिहासका पाना पल्टाएर हुँदैन। हामीले आत्माहरूको महा-अभिलेखागार नै खोल्नु पर्छ।"

त्यो महा-अभिलेखागार, जहाँ प्रत्येक आत्माको 'डेटा' सुरक्षित थियो– उसको कर्म, आवेग, शक्ति र उसको कमजोरी। देवताहरूले त्यो अभिलेखागार खोले। लाखौँ, करोडौँ आत्माहरूका फाइल पल्टाइए। बिस्मार्क ? अहँ, बढी नै युरोपेली। नेपोलियन ? बढी नै महत्त्वाकाङ्क्षी, उसले नेपाललाई भन्दा बढी आफैँलाई प्रेम गर्छ। चाणक्य ? उनको कूटनीति बुझ्न सक्ने बौद्धिक वर्ग नै नेपालमा बाँकी छैन। त्यहीँ एउटा अँध्यारो कुनामा, आफ्नो कर्मको फल भोगिसकेर अर्को पालो कुरिरहेको एउटा आत्मामा उनीहरूको नजर पर्यो। त्यो आत्मा शान्त थिएन। त्यो अझै पनि बलिरहेको थियो, सल्किरहेको थियो।

त्यो आत्मा थियो– जंगबहादुर कुँवर राणाको। उसको आत्माको 'बायोडाटा' पढियो। विशेषता- अदम्य आँट, शून्यबाट शक्ति सिर्जना गर्ने क्षमता। प्रमुख कार्यः भारदारहरूको अराजकताबीच कोतपर्वको रगतको गलैँचामा टेकेर सत्ता स्थापित गरेको। 'मुलुकी ऐन' लेखेर कानूनको जग बसालेको। भोट (तिब्बत) र बेलायतजस्ता शक्तिलाई आफ्नो हैसियत बुझाएको।

कमजोरी- चरम व्यक्तिवाद, पारिवारिक मोह, क्रूरता।

उसको आत्मामा कोतपर्व रगतको आलो गन्ध अझै थियो। बेलायती महारानी भिक्टोरियासँग हात मिलाउँदाको अहम् थियो। उसले लेखेको 'मुलुकी ऐन' को मसी अझै सुकेको थिएन। "हो ! यही आत्मा हो नेपाललाई चाहिने !" देवताहरू एकमत भए। "यसको क्रूरताले मात्रै त्यहाँका सत्ता-वृद्धहरूलाई गलहत्याउन सक्छ। यसको अहमले मात्रै विदेशी शक्तिका अगाडि शिर ठाडो पार्न सक्छ। यसको 'मुलुकी ऐन'को चेतनाले मात्रै देशलाई फेरि एकपटक कानूनमा बाँध्न सक्छ।"

आदेश जारी भयो। जंगबहादुरको आत्मालाई तत्काल 'रिलिज' गरियोस्। गन्तव्यः नेपाल।

**अध्याय तीनः आत्माको 'मिस-डेलिभरी'**

तर, नियतिको खेल भनौँ वा देवलोकको प्रशासनिक भुल !

जुन कनिष्ठ देवता, 'प्रवाह'लाई त्यो आत्मा पृथ्वीमा 'डेलिभर' गर्ने जिम्मा दिइएको थियो, शायद उनी अघिल्लो रात सोमरसको नशामा थिए। वा, इन्द्रसभामा उर्वशीको नृत्यमा यति मोहित भए कि उनको ध्यानै भङ्ग भयो।

जंगबहादुरको त्यो उग्र आत्मा-गोलीलाई उनले आफ्नो दिव्य प्रक्षेपण-यन्त्रमा राखे। गन्तव्य 'लक' गरे– काठमाडौँ, नेपाल। तर प्रक्षेपण गर्ने अन्तिम बटन थिच्नै लाग्दा, नजिकैबाट मेनका हाँस्दै हिँडिन्। प्रवाहको हात एक पलका लागि काँप्यो।

मात्र एक पल।

ब्रह्माण्डीय समयमा एक पलको गल्तीले युगौँको दूरी सिर्जना गर्दछ।

त्यो आत्माको पिण्ड कुनै उल्काजसरी समय र स्थानको अनन्त सागरमा हुत्तियो। सगरमाथाको आकाशमा चम्किनुपर्ने त्यो तारा, आफ्नो 'जी.पी.एस.' बाट भड्किएर, उछिट्टिएर अफ्रिकाको तातो, शुष्क हावामा बिलाउन पुग्यो।

त्यो आत्मा, जुन नेपालको चित्कार सुनेर पठाइएको थियो, त्यो भुलबस यताको उता, पश्चिम अफ्रिकी मुलुक बुर्किना फासोको मरुभूमि-ग्रस्त आकाशमा पुग्यो।

त्यो आत्माको यात्रा कस्तो रह्यो होला ? के उसले बाटोमा नक्षत्रहरूलाई सोध्यो होला, "हनुमानढोका जाने बाटो यतै हो ?" के उसले आकाशगंगामा भौँतारिँदा आफ्नो श्रीपेच हराएको झोँकमा कुनै ग्रहलाई सराप्यो होला ? के उसले मिल्की-वेको धुलोलाई 'सदरजङ्ग' वा 'बमबहादुर' भनेर बोलायो होला ?

त्यो आत्मा, जो बाग्मतीको किनारमा जल्दै गर्दा नेपालको भविष्यबारे सोचिरहेको थियो, त्यो अहिले भोल्टा नदीको किनारमा, एउटा गरिब झुपडीमा, एक बर्को ओढेको बालकको शरीरमा ब्युँझियो।

उसले पहिलो पटक आँखा खोल्दा हरियो, शीतले भिजेको काठमाडौँ उपत्यकाको साटो, पहेँलो, तातो र धुलाम्मे सवाना घाँसे मैदान देख्यो। उसले माटोको घर र पर-पर देखिने बाओबाबका रूखहरू देख्यो। शायद ऊ आफैँ पनि छक्क पर्यो होला– "यो कुन देश हो ? मेरा भारदारहरू खोइ ? मेरो सेतो घोडा खोइ ? र... र यो घाम यति चर्को किन छ ?"

उसको बालसुलभ रुवाइमा पनि एउटा अनौठो सत्ताको हठ र आदेशको ध्वनि थियो।

**अध्याय चारः अफ्रिकी संस्करण – 'क्याप्टेन जंगे'**

अनि शुरु भयो जंगबहादुरको अफ्रिकी संस्करण। नामः इब्राहिम त्राओरे।

शरीर र वर्ण फरक। छालाको रङ कालो, भाषा फ्रेन्च र स्थानीय मोसी। तर भित्रको 'सफ्टवेयर'... त्यो त उही जंगबहादुरकै थियो। त्यही जवानीको आवेग, त्यही सैन्य अनुशासन, त्यही सत्ता कब्जा गर्ने अदम्य इच्छा।

उसको बाल्यकाल अनौठो थियो। ऊ अरू केटाकेटीजस्तो खेल्दैनथ्यो। ऊ साथीहरूलाई जम्मा गर्थ्यो, उनीहरूलाई 'पल्टन'मा विभाजन गर्थ्यो र काठको बन्दुक बोकाएर 'परेड' खेलाउँथ्यो। ऊ नक्सा कोर्नमा माहिर थियो। उसले आफ्नो गाउँको नक्सामा अनौठा नामहरू लेख्थ्यो– कतै 'थापाथली' त कतै 'टुँडिखेल'। उसका बाबुआमाले सोचे, छोरोलाई युद्धको भूत चढेछ। तिनले छोरालाई सेनामा भर्ना गरिदिए। सेनामा, त्यो 'सफ्टवेयर' सक्रिय भयो।

जसरी १९औँ शताब्दीको नेपाल भारदारहरूको अविश्वास, हत्या, हिंसा र षड्यन्त्रको तुवाँलोले ढाकिएको थियो, त्यसरी नै २१औँ शताब्दीको बुर्किना फासो जिहादी आतंकले थलिएको थियो। राजनीतिक अस्थिरताले देश मक्किइसकेको थियो। फ्रान्सको नव-उपनिवेशको छायाले देशको निर्णय क्षमतालाई पंगु बनाएको थियो।

जसरी जंगबहादुरले त्यो अराजकताका बीचमा, कोतको आँगनमा रगतको गलैँचा ओछ्याएर शक्ति आफ्नो हातमा लिए, त्यसरी नै त्राओरेले पनि ३४ वर्षको कलिलो उमेरमा, एक गुमनाम सैन्य क्याप्टेनको रूपबाट एकाएक देखा परे। उनले एकै रातमा, बन्दुकको नालले पुरानो सत्ताको निधारमा पूर्णविराम कोरिदिए।

समानान्तरहरू अचम्मलाग्दा थिएः

जंगबहादुर बेलायती साम्राज्यको दबदबालाई सन्तुलनमा राख्न चाहन्थे। उनी झुकेनन्, बरु बराबरीको हैसियतमा हात मिलाए। त्राओरे फ्रान्सको औपनिवेशिक छायालाई लात हान्दै आफ्नो देशको सार्वभौमिकताको नयाँ परिभाषा लेखिरहेका छन्। उनले फ्रान्सेली सेनालाई देश निकाला गरे र रुसतिर हात बढाए– यो शुद्ध 'जंगे' कूटनीति थियोः "दुश्मनको दुश्मन, मेरो साथी।" जंगबहादुरले 'जंगे पिलर' गाडेर आफ्नो सिमानाको हेक्का राख्थे।

त्राओरे आफ्नो देशको प्राकृतिक स्रोत (सुन, युरेनियम) माथि विदेशी नियन्त्रण समाप्त पार्दै आर्थिक सिमानाको हेक्का राखिरहेका छन्। दुवैको रगतमा पराइको थिचोमिचो सहन नसक्ने एउटै आगो दन्किरहेको छ। दुवैको अनुहारमा एउटा अनौठो आत्मविश्वास र आवश्यक पर्दा प्रयोग गरिने क्रूरताको स्पष्ट छाया देखिन्छ। लाग्छ, त्राओरे जब राति सुत्छन्, उनको सपनामा फ्रान्सेली भाषाको साटो खस-नेपाली भाषामा कुनै भारदारले रिपोर्ट सुनाइरहेको हुन्छः "सरकार ! ल्हासामा हाम्रो बेइज्जत भयो। भोटले हाम्रो मान्छे लुट्यो सरकार !"

उनी झसङ्ग ब्युँझिन्छन्। उनको मुटु ढुकढुक हुन्छ। उनी आफ्नो ओछ्यानमा भोट वा बेलायतको नक्सा खोज्न थाल्छन्, तर उनको हातमा बुर्किना फासोको नक्सा मात्र पर्छ। उनलाई लाग्छ, "भोट ? त्यो कहाँ छ ?"

शायद उनलाई कहिलेकाहीँ अचानक 'दाल-भात-तरकारी' खान मन लाग्दो हो, तर उनको भान्छामा त्यो सब पाक्दैनथ्यो। कहिलेकाहीँ भाषण दिँदादिँदै उनको मुखबाट "के छ तँलाई ?" वा "चुप लाग् !" जस्ता कडा खस शब्द फुत्किन खोज्दा उनी जिब्रो टोक्छन्। ऐना हेर्दा आफ्नै अनुहारमा जुँगाको धमिलो आकृति देख्दा उनी आफैँ तर्सिँदा हुन्! उनलाई लाग्दो हो, "मेरो यो रातो बर्को (जुन उनी प्रायः लगाउँछन्) को सट्टामा मेरो त्यो सुनौलो श्रीपेच खोइ ?"

**अध्याय पाँचः 'कस्मिक' ठट्टा र देवलोकको आपत्कालीन बैठक**

यो नियतिको एउटा 'कस्मिक' ठट्टा हो। एउटा गल्तीले दुई फरक महादेश, दुई फरक शताब्दी र दुई फरक संस्कृतिलाई एउटै धागोमा बाँधिदिएको छ। हामी यहाँ पृथ्वीमा बसेर 'ग्रेट रिसेट' र 'नयाँ विश्व व्यवस्था' को गम्भीर कुरा गर्छौँ, तर माथि देवलोकमा बसेका कुनै 'बटरफिङ्गर' देवताले आत्माको एउटा सानो डल्लो यताउता पार्दा इतिहास कसरी दोहोरिन्छ भन्ने यो एउटा जीवन्त, अतियथार्थवादी उदाहरण हो।

जंगबहादुरको आत्माको यो 'मिस-डेलिभरी'ले देवलोकमा भने ठूलै हल्लीखल्ली मच्चाएको छ। सृष्टिको सफ्टवेयरमा आएको यो 'बिग बग' सुधार्न देवताहरूको आपत्कालीन बैठक बसिरहेको छ। त्यो कनिष्ठ देवता 'प्रवाह'को त जागिरै धरापमा परेको छ। उनीहरूको अगाडि अहिले एउटा नयाँ र झनै पेचिलो प्रश्न छः "जंगेको आत्मा त अफ्रिका पुगिहाल्यो, अब नेपालमा कसलाई पठाउने ?" नेपालको भूमिबाट आइरहेको त्यो चित्कार अझै मत्थर भएको छैन, बरु झन् चर्को हुँदै गएको छ। सभामा गम्भीर बहस चलिरहेको छ। एकजना कनिष्ठ, तर क्रान्तिकारी सोचका देवताले हच्किँदै प्रस्ताव राख्छन्, "प्रभु ! एउटा आँट गरौँ कि ?... त्यो हिटलरको आत्मालाई 'एन्टी-सेप्टिक' झोलमा डुबाएर, उसको जातीय घृणाको भाइरसलाई 'डिसइन्फेक्ट' गरेर, शुद्धीकरण गरेर पठाइदिऊँ कि ? उसको एकदलीय, तानाशाही आवेगले शायद यहाँका कुर्सी-मोहमा अल्झेका सत्ता-वृद्धहरूलाई गलहत्याएर बाहिर निकाल्न सक्थ्यो कि !"

सभामा एकछिन सन्नाटा छाउँछ। शङ्कर, जो विनाशका देवता हुन्, उनी मुस्कुराए। "विचार नराम्रो होइन। कहिलेकाहीँ सिर्जनाका लागि पहिला पूर्ण विनाश आवश्यक हुन्छ।" विष्णुले तत्काल प्रतिवाद गरे। "हुँदैन," उनले गम्भीर हुँदै भने, "हिटलरको 'डीएनए'मा रहेको जातीय घृणा र नरसंहारको भाइरस पूर्ण रूपमा शुद्धीकरण हुन सक्दैन। त्यो भाइरसले नयाँ नेपाल बनाउनुको साटो झन् भस्मासुर पो जन्माउला। हामीलाई 'डिस्ट्रोयर' मात्र होइन, 'क्रिएटर' पनि चाहिएको छ।"

तेस्रो देवता, जो प्रविधि र व्यवस्थापनमा दखल राख्छन्, (शायद विश्वकर्मा स्वयम्) बोल्छन्, "त्यसोभए सिंगापुर बनाउने ली क्वान यूको आत्मा कस्तो होला ? विकास र अनुशासनका पर्याय हुन् उनी।"

ब्रह्मले दाह्री मुसार्दै भने, "ली क्वान यू हुनसक्छ। तर उनको आत्मामा प्रजातन्त्रप्रति अलि बढी नै वितृष्णा छ। उनको 'सिङ्गल-पार्टी' मोडलले नेपालको भर्खरैको गणतन्त्र नै धरापमा पार्ला। फेरि, नेपालीहरू अनुशासनमा बस्न होइन, गफ गर्नमा बढी रुचि राख्छन्। ली क्वान यूको आत्मा त्यहाँ पुग्नासाथ 'डिप्रेसन'मा जानेछ।" बहस लम्बिँदै जान्छ। उनीहरू लेनिन, चर्चिलदेखि लिएर स्टिभ जब्ससम्मका आत्माहरूको 'बायोडाटा' पल्टाइरहेका छन्। कोही भन्छन्, "भ्लादिमिर लेनिनलाई पठाऔँ ! वर्ग-संघर्षको अन्त्य गर्लान् ! त्यहाँ धनी र गरिबबीचको खाडल ठूलो छ।" अर्कोले प्रतिवाद गर्छन्, "अहँ, हुँदैन। नेपालले भर्खरै एउटा गृहयुद्ध भोगेको छ। लेनिनको आत्माले अर्को दशक लामो गृहयुद्ध मात्रै निम्त्याउला। फेरि, उनले सबैको सम्पत्ति राष्ट्रियकरण गर्दा त्यहाँका 'दलाल पुँजीपति'हरूले उनलाई नै सिध्याइदिनेछन्।"

"विन्स्टन चर्चिल नि ?" अर्को प्रस्ताव आउँछ। "वाकपटुतामा अब्बल। दोस्रो विश्वयुद्ध जिताएका नेता हुन्।" "झन् हुँदैन !" विष्णु झर्किए। "चर्चिल अतिशय पश्चिमा-परस्त छन्। उनले नेपाललाई सिधै लगेर 'नेटो' वा 'अकस'मा भर्ना गरिदिनेछन्, जसले गर्दा उत्तर र दक्षिणका दुवै छिमेकी एकैसाथ चिढिनेछन्। नेपालको भूगोलले त्यो धान्न सक्दैन।" "लौ, त्यसो भए स्टिभ जब्सको आत्मा पठाऔँ", प्रविधि-देवताले फेरि भने। "उनले देशलाई 'इनोभेट' गर्छन्। नेपाललाई 'एप्पल' जस्तै सफल ब्रान्ड बनाइदिन्छन्।" यसमा त ब्रह्म नै हाँसे। "जब्सले देश त बनाउलान्, तर त्यो देश 'युजर-फ्रेन्ड्ली' हुने छैन। उनले सबै पुराना संरचनालाई 'आउटडेटेड' भन्दै भत्काइदिनेछन् तर नयाँ 'अपरेटिङ सिस्टम' यति महँगो हुनेछ कि सर्वसाधारणले किन्नै सक्ने छैनन्। उनले सिंहदरबारलाई 'ग्लास हाउस' बनाउलान् तर भित्रको 'सफ्टवेयर'मा उही 'बग' रहिरहनेछ।"

देवसभा अहिले पनि जारी छ। उनीहरूले अझै कुनै निर्णय लिन सकेका छैनन्। कोही 'चाणक्य' पठाउने भन्छन्, कोही 'बिस्मार्क'।

प्रतीक्षाको अनन्त घडी ! र यता पृथ्वीको यो सानो कुनामा, हामी नेपालीहरू। हामी कहिले खाडीको तातो हावामा, कहिले युक्रेनको चिसो बङ्करमा, त कहिले काठमाडौँको धुलाम्मे सडकमा दिक्क भएर आकाशतिर हेर्दै सोच्छौँ– हाम्रो भागको त्यो 'राइट डेलिभरी' चाहिँ कहिले आइपुग्ला ? वा... कतै देवताहरूले हाम्रो देशको ठेगाना नै आफ्नो 'कस्मिक म्याप' बाट सधैँका लागि हटाइसके कि ? कतै हाम्रो भाग्यमा 'डेलिभरी' नै नलेखिएको पो हो कि ? यसैबीच, पश्चिम अफ्रिकाबाट खबर आइरहेको छ– "क्याप्टेन इब्राहिम त्राओरेले आफ्नो देशको सुन खानीहरूलाई राष्ट्रियकरण गर्ने घोषणा गरेका छन्।" यो खबर सुन्दा, काठमाडौँको कुनै चियापसलमा बसेको एक इतिहासको विद्यार्थीले अनायासै भन्छ, "गजब ! यो त ठ्याक्कै जंगेले बेलायतीलाई थर्काएजस्तै भयो नि !"

उसलाई के थाहा, यो संयोग होइन, यो त देवलोकको एउटा सानो भुलबस सिर्जित 'अतियथार्थवादी चिन्तन'को वास्तविक प्रतिफल हो। जंगबहादुरको आत्माले आफ्नो गन्तव्य त भेट्टाएको छ तर गलत ठेगानामा। हामीचाहिँ सही ठेगानामा, गलत मानिसहरूको भीडमा, सही 'डेलिभरी'को अनन्त प्रतीक्षामा छौँ।

---

## विश्व

### अष्ट्रेलियाको तेल सुरक्षा रणनीतिः
## घरेलु कारखाना अनुदानमा संशोधन

**क्यानबेरा, ६ चैत ।**

अष्ट्रेलियाली सरकारले देशका दुई बाँकी तेल प्रशोधन कारखानाहरूलाई अनुदान जारी राख्ने समझदारी गरेको ऊर्जामन्त्री क्रिस बोवेनले शुक्रबार घोषणा गरेका छन्।

बोवेनका अनुसार, सरकारले र कारखानाका सञ्चालकहरूले इन्धन सुरक्षा सेवा भुक्तानीमा संशोधन गर्ने सम्झौता गर्नुभयो। यसअन्तर्गत तेलको मूल्य सञ्चालन लागत पुरा नगरेको अवस्थामा सरकारले कारखानाहरूलाई भुक्तानी दिनेछ।

मेलबोर्नको पश्चिम-दक्षिणी क्षेत्र जियालोङ्मा रहेको भिभा एनर्जीको कारखाना र ब्रिसबेनस्थित एम्पोलको कारखानाले २०२५ मा अष्ट्रेलियाको पेट्रोल, डिजेल र जेट इन्धन आवश्यकताको करिब २० प्रतिशत उत्पादन गरेका थिए।

बोवेनले भुक्तानीको सीमा १.८ सेन्ट प्रति लिटर कायम रहनेछ, तर भुक्तानी सुरु हुने मूल्य स्तर तल झारिने गरी संयन्त्र समायोजन गरिने बताएका छन्।

बदलामा, भिभा र एम्पोलले २०३० दशकसम्म आफ्नो कारखाना सञ्चालन गर्ने योजना अघि बढाइरहेका छन्। बोवेनले थपे, "एम्पोलले पूर्ण उत्पादन कायम राख्ने र अन्तर्राष्ट्रिय आपूर्ति श्रृंखलामा दबाब भइरहँदा पूर्वनिर्धारित मर्मत कार्य स्थगित गरेर उत्पादन बढाउने विश्वास जनाएको छ।"

यो घोषणा मध्यपूर्वको द्वन्द्वका कारण विश्वव्यापी तेल आपूर्तिमा ठूलो अवरोध सिर्जना भएको समयमा आएको हो। बोवेनले सरकारले विगत छ महिनादेखि भिभा र एम्पोलसँग वार्ता गर्दै आएको छ र हालको अवस्थामा छोटो अवधिको घरेलु इन्धन आपूर्ति सुनिश्चित गर्न थप कदम चाल्न आवश्यक नभएको बताए। तर यदि युद्ध अप्रिल र मेसम्म जारी रह्यो भने आपतकालीन योजना तयार राखिएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। |
| वृष | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। |
| मिथुन | नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह |
| कर्कट | प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ। |
| सिंह | सानातिना काममा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या पहिचान गर्न सकिनेछ। तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ। |
| कन्या | फुर्सद तथा मनोरञ्जनको समय छ। प्रियजनसँगको भेटघाटले दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ। परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ। |
| तुला | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। |
| वृश्चिक | काममा केही अलमल हुन सक्छ। अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ। अप्ठ्यारा परिस्थितिले लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ। |
| धनु | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। |
| मकर | अग्रज तथा सहयोगी जुट्नाले आँटेको काम बन्नेछ। मिहिनेतले सोचेको लाभ उठाउन सकिनेछ। पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। |
| कुम्भ | बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। |
| मीन | रमाइलो दिन छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ। |

**कथा :**

# पीडाभित्रको उमेर



आचार्य प्रभा



अस्पताल परिसरमा म पैसा बुझाउने लाइनमा बसिरहेकी थिएँ । त्यहाँ निक्कै घुइँचो हुन्छ भन्ने हल्ला त सुनिएकै हो तर त्यहाँको नियम के के हो ? भन्ने कुरामा म अनभिज्ञ नै थिएँ ।

हाम्रो ठाउँको अस्पतालको नियम पनि बदलिरहने रहेछ । शुरुमा अलिक पछाडि टोकन लिने ठाउँमा नै उभिएकी थिएँ तर हल्ला सुनेँ, “वृद्धहरू उ...पल्लो लाइनमा भनेको । यसो हेरेँ, त्यो लाईनमा सत्तरी कटेकाहरू हुनुपर्ने अरे ! आफू परिएछ बिचको उमेरको ।

पहिलो पटक सामना गर्नु परेको आफ्नो ठाउँको अस्पतालको चेकजाँच र नियम ।

जतिसुकै अरू कुरामा जान्ने हुँ भन्नेहरू पनि आफूले नजानेको र अनुभव नपाएको ठाउँ साधरण नै भए पनि, त्यहाँको नियमसँग अपरिचित भएपछि कठिन नै लाग्दो रहेछ सबैकुरा पत्तो लाउन ।

त्यहाँको माहौल र मान्छेहरूको अन्योलता अनि आफू पनि उही भुंग्रोमा परेको अवस्था सम्झिँदा ।

अँ....मैले पनि त्यस्तै समस्याको सामना गर्नुपर्ने भयो । कहिले उता बस्नू भन्छन् । कहिले उता होइन त्यता भन्छन् । बल्ल एउटालाई सोध्दा पो “तपाईंले यसरी लाइनमा बस्नु पर्दैन, तपाईंको त पैसा बुझाउनु मात्र रहेछ । पहिला नै दर्ता भई सकेको रहेछ । टोकन नम्बर पाइहाल्नु हुन्छ ।” भनेपछि आफ्नो नम्बर लिएर बिलिंग काउण्टरअगाडि गएर बसेँ । मेरो छेउमा एक वृद्ध महिला बसिरहनु भएको थियो । अन्जान, अनपढ त्यो सब नियमदेखि बेखबर । एक्लै चुपचाप बसिरहेको देखेर मैले सोधें,-“तपाईं के जचाउन आउनुभा’को ? कोसँग आउनुभो ?” उनले निन्याउरो मुख लाएर “एक्लै” भनिन् । त्यो पनि टाढा एक/डेढ घण्टाको बाटो हिँडेर आएकी अरे ! त्यही टोकन नम्बरको चिट् देखाउँदै ती वृद्धाले भनिन्, “यी यो टिकट दिएको छ । खै ! कहाँ के गर्नुपर्ने थाहा छैन ।”

नम्बर पनि १७६ जना पछि आउने रहेछ । मैले “अरू कागजपत्र खोई त ?”भनेर सोध्दा केही छैन ।” भन्ने जवाफ आयो । हामी दुईबिचको वार्तालाप सुनिरहेकी महिलाले भनिन्, “तपाईं त वृद्धमा गनिनुहुन्छ । यसरी यहाँ कुरिरहनु पर्दैन । अर्को नम्बर माग्नुहोस् । तपाईंको त दर्ता गर्न नै बाँकी रहेछ ।” भनेर ती महिलाले सुझाइन् । अनि मैले पनि भनेँ, “यो त पैसा तिर्ने ठाउँ हो । तपाईं दर्ताफाँट अगाडि बस्नुहोस् । दर्ता भएर डाक्टरलाई आफ्नो रोगबारे भनेपछि केके टेस्ट गर्ने भनेर लेखिदिनुहुन्छ अनि मात्र पैसा तिर्नुपर्छ ।” त्यति सम्झाएपछि तिनी अर्को टोकन नम्बर लिएर दर्ताफाँटअगाडि बसिन् । त्यति भएपछि अलि ढुक्क लाग्यो तर भरेसम्म पनि के भयो होला, के कसो गरिन् भन्ने पीर रहिरह्यो मनमा ।

अलिक एक छिनमा फेरि अर्की उस्तै वृद्ध देखिने महिला आएर त्यही ठाउँमा बसिन् । मैले सोधेँ, तपाईं के देखाउन आउनु भा’को ?” भनेर । उनले अझ रून्चे स्वर पार्दै भनिन् । “थाइराइडले साह्रो पारेर देखाउन आकी ।” मैले फेरि सोधें, “एक्लै आउनु भा’को ?” “कसले साथ दिन्छ र ? छोराहरू कता कता !” त्यती भनिसक्दा नसक्दा अर्की महिला आएर फेरि तिनलाई भनिन्, “तपाईं त वृद्धहरूको लाइनमा गएर बस्नू न ! छिटो पालो आउँछ ।” मैले पनि सही थपें । “हो त ! जानुहोस् ।” तिनले इमानदारीसाथ भनिन्, “होइन म यहीं बस्छु । त्यहाँ बस्ने मेरो उमेर भा’कै छैन ।”

मैले अचम्म मान्दै भनेँ, “अनि ७० कटेकाहरूले छिटो पालो पाउँछन् अरे नि ! जानू त्यहीं गएर बस्नू ।”

“अनि म त सत्तरी पुगेकै छुइनँ भर्खर साठी कट्दैछु ”, भनिन् ।

म छक्क परें । हेर्दा सत्तरी, पचहत्तर देखिने ती महिला सत्तरी पनि पुगेकी छुइनँ भनेर इमान्दार भइ पालो कुरेरै बसेको देख्दा ।

मलाई मनमा कता कता नमिठो लाग्यो र भनें “तपाईं त हेर्दा निक्कै वृद्ध देखिनुहुन्छ । साठी मात्र पुग्दैछु भन्नुहुन्छ तर किन यति चाँडो बुढी देखिनुभयो ? म सँगैको हुनुहुँदो रहेछ । मलाई पनि मेरो सही उमेर भन्दा पत्याउँदैनन् तर मलाई त अझ कम उमेरकी भन्छन् ।”

मेरो कुरा सुनेर तिनले भक्कानिँदै भनिन् । ”के गर्नु बहिनी ! मनको पीर पखालेर नजाँदो रहेछ । धुँदा जाने भए, पैसा तिर्दा कसैले लिने भए म त्यसै गर्थें ।”

तिनको कुरा सुनेर मैले सहजै भनें, “हत् ! पीर लिनु हुँदैन । पीर जति लियो उति दुःख पाइन्छ । कस्तो पिर हो त मान्छेको उमेरै नपुगी देखाउने ?”मलाई आश्चर्य लाग्यो । पक्का बाहुनी देखिने जसको घरमा जाँडरक्सी चल्दैन । त्यति वृद्ध भएकी स्वास्नीको श्रीमान पनि वृद्ध नै होला । बाहिरी रंगरलिया मनाउँदै, मादक पदार्थ खाएर श्रीमतीलाई पीडा दिने पनि पक्कै होइन होला ! मैले फेरि सोधेँ, “केको पिर हो त ! कि रक्सी खाएर कुट्छन् ? भन्न मिल्छ ?” तिनले भनिन्, “पिर त बुढाकै हो । मलाई टर्चर दिन्छन् रातदिन ।”अनि जाँडरक्सी पनि खाँदैनन् भने किन टर्चर दिनु त ? केका लागि दुःख दिनु त ?” भनेर केर्दा, “मैले पेवापात गरेको सबै उसैलाई दिनु भन्छन् । नदिँदा टर्चर गर्छन् । ” मैले यो कुरा पुरै पत्याइनँ ।

मलाई लाग्यो तिनका श्रीमान पक्कै जँड्याहा होलान् । जाँड खानलाई पैसा माग्दो हो । नदिँदा रँडाको मच्चाउँदो हो वा अरू केही कारण हुनुपर्छ ।

आज म लैङ्गिक हिंसाविरूद्धको कार्यक्रममा छु । लैंगिक हिंसाविरूद्ध महिला पुरुषहरू सबैले आ-आफ्ना विचार प्रस्तुत गरिरहेका छन् चर्को चर्को आवाजमा ।

म सोचिरहेछु - मेरै केही आफन्त, साथीहरू जो धनाढ्य र शिक्षित पनि छन् । श्रीमान् श्रीमती दुवैको नाम छ, शान छ । उनीहरू बाहिरी दुनियाँमा ठिक छन् तर भित्री रूपमा भने पीडित छन् श्रीमानको बाहिरी संसर्ग र सम्बन्धको कारणले ।

म सोच्ने गर्छु, हामी नारीहरूले आफ्नो श्रीमान र परिवारबाट जति पनि पीडा भोग्छौं नि, केवल आफ्नो श्रीमान घर परिवारको इज्जतका लागि नै हुन्छ । समाजमा परिवारको जुन इज्जत, मान, सम्मान छ त्यसमा कलंक नलागोस् भनेर मात्र । साँच्चै भन्ने हो भने गाउँघरका अनपढ, अशिक्षित परिवारका महिलाहरूले भन्दा पढेलेखेका शिक्षित र सम्पन्न परिवारका महिलाहरूले नै ज्यादा पीडा भोग्न बाध्य हुन्छन् । त्यसो हुनुको मुख्य कारण घर परिवार र आफ्नो पारिवारिक साख जोगाउनलाई पनि पीडाको आँसु पिउँदै कतिपय नारीहरूले अपमान र अन्याय सहन विवश छन् । म यसरी सोचमग्न बन्न पुगेछु कि कार्यक्रम समाप्त भएको घोषणाको आवाजले मात्र झस्किएँ र बाहिरिएँ ।

---


## पन्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल ।

### दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना

**सूचना नं. ०२/२०८२/०८३**
**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/६)**

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय तह/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता, खानेपानी, सिचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्यका लागि पञ्चपुरी नगरपालिकामा परियोजना कार्यान्वयन इकाईका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट निम्न पदहरूमा रीतपूर्वक दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू:**

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको)
- नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, तालिम सम्बन्धी प्रमाणपत्रहरु तथा कार्यानुभव भएको हकमा कार्यानुभव खुल्ने प्रमाणपत्रहरूको प्रतिलिपि (नियुक्ति पत्र र अनुभव प्रमाणित गरिएको प्रमाणपत्र समेत) ।
- अपाङ्गता भएका ब्यक्तिको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपी ।
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी ।

**तपसिल:**

**१. आवश्यक पदहरू र न्यूनतम योग्यता:**

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| 02-2082/083 | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैटौं तह-१ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| 03-2082/083 | सब-ईन्जिनियर | सहायक पाँचौ तह-१ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| 04-2082/083 | जलस्रोत प्राविधिक | सहायक चौथो तह- | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. र मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खापासटे तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |

**२. अन्य विवरण:**

- पहिलो पटक सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिनभित्र आवेदन पन्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेतमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन ।
- कर्मचारीहरू परियोजना कार्य अवधिको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा म्याद थपको सम्भावना सहित) नियुक्त गरिनेछ ।
- स्थानीय व्यक्ति, महिला, दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई पन्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लीखित परीक्षा तथा अन्तर्वार्ता दुवै बिधि अवलम्बन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लीखित परीक्षाको तालिका पन्चपुरी नगरपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न पन्चपुरी नगरपालिकाको वेवसाईट www.panchapurimun.gov.np/LACC परियोजनाको वेभ पेज www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तरको लागि रु. 1200।-(अक्षेरुपी एकहजार दुइ सय मात्र), सहायक पाँचौस्तरको लागि रु. 700।- (अक्षेरुपी सात सय रुपैया मात्र) र सहायक चौथोको लागि रु. 500।-(अक्षेरुपी पाँच सय रुपैया मात्र) । दरखास्त दस्तुर पन्चपुरी नगरपालिकाको राजश्व शाखामा नगदै वा राष्ट्रिय वाणिज्य बैंक विद्यापुर शाखामा रहेको पञ्चपुरी नगरपालिकाको आन्तरिक आय खाता नम्बर 4420100301010005 मा बैंक दाखिला गरी सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

## स्वास्थ्य सेवा कार्यालय

दैलेख

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८२/१२/०७ गते**

यस कार्यालयबाट प्रथम पटक मिति २०८२/१०/०४ गते अस्पतालको फार्मेसीका लागि औषधी तथा सर्जिकल सामाग्री खरिद तथा सप्लाईका लागि मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार बिद्युतीय बोलपत्र माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको कबोल रकम न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| बोलपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | जम्मा स्वीकृत आईटम मेडिसिन तर्फ | जम्मा स्वीकृत आईटम सर्जिकल तर्फ |
|---|---|---|---|
| HSO/Dailekh/NCB-01/2082-083 The Procurement of Medicine & Surgical Items for Hospital Pharmacy (Package No.1, Medicine & Package No.2, Surgical & Related Items) | डेभिड मेडिसिन सप्लायर्स नेपालगञ्ज–२, बाँके | जम्मा आईटम ० | जम्मा आईटम ५१ |
| | एवान फर्मा बुटवल–६, रुपन्देही | जम्मा आईटम २१६ | जम्मा आईटम ४४ |
| | आरडी मेडिसर्ज, वि.न.न.पा.–६, सुर्खेत | जम्मा आईटम ५५ | जम्मा आईटम ५९ |
| | यूनिक फार्मा, नेपालगञ्ज–२, बाँके | जम्मा आईटम २४७ | जम्मा आईटम ० |

नि.स्वास्थ्य सेवा व्यवस्थापक



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, सुर्खेत

### ३५ दिने सार्वजनिक सूचना तथा हकदारको नाँउको सूचना

**मिति : २०८२/१२/०६**

गुर्भाकोट न.पा. वडा नं.१२ सुर्खेत बस्ने बले कामी र ललित कामीले हाम्रो आमा सुमित्रा देवी कामीका नाँउमा जग्गा दर्ता भएको र निज मिति २०६९/०५/०३ गतेका दिन आफनै कालगतिले मृत्यु भएको हुदाँ मृतक सुमित्रा देवी कामीको नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु छोराहरु बले कामी र ललित कामी भएकाले हाम्रो नाँउमा नामसारी गरी पाँउ भन्ने व्यहोराको नामसारीको मिति २०८२/१२/०४ मा निवेदन भएको यस कार्यालयबाट कार्वाही हुँदा यस कार्यालयको मिति २०८२/१२/०४ गतेको आदेश अनुसार यो ३५ (पैतिस) दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ । मृतक सुमित्रा देवी कामीको नामको तपशिलको जग्गामा हकलाग्ने हकदारहरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर दावी नगरेमा नियमानुसार निवेदकहरुकै नाममा साझा नामसारी भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मृतक ज.ध.को नामथर |
|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | घुमखहरे | ७ङ<br>७च<br>७च | १४४<br>१७<br>३१ | ०-६-१३-०<br>०-५-०-०<br>०-५-१-० | ज.ध.:-शुमित्रा देवी कामी<br>पति-:- कर्ने कामी<br>ससुराको नाम - लोते कामी |

पुनश्चः माथि उल्लेखित ज.ध.को मिति २०६९/०५/०३ गतेका दिन आफनै कालगतिले मृत्यु भएको मृतकको एकमात्र श्रीमान कर्ने कामी मिति २०३० सालमा मजदुरीका लागी भारत गइ सोही समय बाट घर परिवारको सम्पर्कमा नभइ वेपत्ता रहेको र मृतक शुमित्रादेवी कामी र निजको एकमात्र पति कर्ने कामी बाट जायजन्म भएका जेठो छोरा ललित कामी र कान्छो छोरा बले कामी र एक मात्र छोरी कमला सुनार हुन । छोरी कमला सुनारको विवाह भएर अन्यन्त्र गइसकेकी छन । मृतक (ज.ध.) शुमित्रा देवी कामीको नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु छोराहरु बले कामी र ललित कामी बाहेक अन्य कुनै अंसियार नभएकाले। अंसियारहरु छोराहरु बले कामी र ललित कामीका नाममा माथि उल्लेखित जग्गा साझा नामसारी गरिदिने भनी गुर्भाकोट न.पा. वडा नं.१२ बाट वडा सर्जमिन मुचुल्का र सिफारिस प्राप्त । मृतक ज.ध नाउँमा भएको साविक घुमखहरे गा.वि.स. वडा नं. ७च कि.नं. १७ क्षेत्रफल ०-५-० भएको जग्गाधनि पुर्जामा ज.ध. को नाम सुमित्रा देवी कामी र वडा नं ७च कि.न ३१ क्षेत्रफल ०-५-१-० भएको जग्गाधनी पुर्जामा ज.ध.को नाम सुभित्रा देवी कामी भएको र साविक घुमखहरे गा.वि.स. वडा नं. ७ङ कि.नं. १४४ क्षेत्रफल ०-६-१३-० भएको जग्गाधनि पुर्जामा जग्गाधनिको नाम सुकी कमेनी भइ ज.ध. को नाम फरक फरक भएको। साथै ज.ध. मृतकको जग्गा धनीपुर्जामा बाबुको नाम रविलाल मात्र, पतिको नाम कर्ने मात्र भएको र मृतक ज.ध. को नागरिकतामा पतिको नामथर कर्ने कामी र ज.ध. को छोराहरु बले कामी र ललित कामीको नागरिकतामा बाबुको नामथर कर्णे कामी हुनका साथै जग्गा धनी पुर्जा श्रेष्तामा ना.प्र.प.नं. जारी मिति समेत उल्लेख नभएको ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# रास्कोट घटनाप्रति कालीकोटमा सामाजिक संस्थाद्वारा ज्ञापनपत्र

**युग संवाददाता**
**कालीकोट, ६ चैत ।**

जिल्लाको रास्कोट नगरपालिकामा १२ वर्षीया बालिकामाथि भएको जबरजस्ती करणी (बलात्कार) घटनालाई मध्यनजर गर्दै कालिकोटमा क्रियाशील नागरिक समाज तथा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधिहरूले जिल्ला प्रशासन कार्यालयमा १० बुँदे ज्ञापनपत्र पेश गरेका छन् ।

ज्ञापनपत्रमार्फत पीडित बालिकाको निःशुल्क उपचार, सुरक्षित आवास, मनोसामाजिक परामर्श तथा पुनर्स्थापनाको पूर्ण व्यवस्था गर्नुपर्ने, पीडितलाई राज्यबाट उचित क्षतिपूर्ति तथा राहत उपलब्ध गराउनुपर्नेमा जोड दिइएको छ । साथै, पीडित र उनका परिवारको सुरक्षा सुनिश्चित गर्दै कुनै पनि प्रकारको धम्की वा दबाबबाट जोगाउनुपर्ने तथा यस्ता घटनाहरू पुनः नदोहोरिन बालबालिका तथा महिला सुरक्षा सम्बन्धी विशेष कार्यक्रम र निगरानी प्रणाली लागू गर्नुपर्ने माग राखिएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलले घटनाको जाहेरी दर्ता भएलगत्तै दोषीलाई कानूनी दायरामा ल्याउन गम्भीरतापूर्वक अनुसन्धान भइरहेको र कानुनी प्रक्रिया अगाडि बढिसकेको जानकारी दिए । उनले कानूनअनुसार कसैलाई पनि उन्मुक्ति नदिने गरी कारबाही भइरहेको बताए ।

त्यसैगरी, प्रहरी नायव उपरीक्षक हेमराज खत्रीले पनि पीडित बालिकाको न्यायका लागि प्रहरी सक्रिय रूपमा लागिरहेको जानकारी दिए । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय कालीकोट तथा जिल्लामा क्रियाशील विभिन्न विकास साझेदार संस्थाहरू–सादा नेपाल, किर्डाक नेपाल, हुरेण्डेक नेपाल, नेपाल मानव अधिकार संगठन, नागरिक समाज सञ्जाल, इन्सेक प्रतिनिधि लगायतको उपस्थिति थियो ।

# लागुऔषधसहित विभिन्न स्थानबाट छब्बिस जना पक्राउ

**युग संवाददाता**
**काठमाडौँ, ६ चैत ।**

नियमित गस्तीमा रहेको प्रहरी टोलीले लागुऔषधसहित विभिन्न स्थानबाट २६ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार बैङ्ककबाट नेपाल एयरलाइन्सको विमानमा आएका एक जना भारतीय नागरिकलाई पाँच किलो गाँजासहित त्रिभुवन अन्तरराष्ट्रिय आगमनकक्षबाट पक्राउ गरिएको हो ।

त्यसैगरी, काठमाडौँ महानगरपालिका-३२ नरेफाँटबाट एक जना, नागार्जुन नगरपालिका-६ शरणपुरचोकबाट ७३ किलो गाँजासहित दुई जना, मोरङको उर्लाबारी नगरपालिका-७ बरगाछीबाट एक, नुवाकोटको विदुर नगरपालिका-१ त्रिशूलीबाट पाँच जना, पोखरा नगरपालिका-२७ सैनिकबस्तीबाट एक जनालाई पक्राउ गरिएको हो ।

बाँकेको कोहलपुर नगरपालिका-१५ अक्कलघरुबाट खैरो हेरोइनसहित आठ जना, सोही नगरपालिकाको ढोरपुरबाट एक जना, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१२ बाट एक जना र दाङको घोराही उपमहानगरपालिका-१८ गाउँबेंसी टोलबाट पाँच जनालाई पक्राउ गरिएको छ । उक्त समाचारकक्षका अनुसार उनीहरूलाई बुधबार र बिहीबार पक्राउ गरिएको हो ।


## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

### ठेक्का अन्त्य किन नगर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(प्रकाशन मिति : २०८२ चैत ७ गते)

चौरजहारी नगरपालिका रुकुम (पश्चिम भाग) सँग निर्माण कार्यको सम्झौता गरी लामो समयदेखि निर्माण कार्य सूचारू नभएको तथा निर्माण कार्य समयमै सम्पन्न गर्नका लागि यसअघि पटक-पटक दिएको मौखिक निर्देशन तथा लिखित पत्र समेतको वेवास्ता गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने अन्तिम म्याद भित्र थप गरिएको म्याद समाप्त हुँदा समेत तपसिलमा उल्लेखित निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्न गर्नेतर्फ कुनै चासो नदेखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ का साथै निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का किन अन्त्य नगर्ने ? ठेक्का अन्त्य गर्नु नपर्ने तथा कालोसूचीको लागि सिफारिस गर्नु नपर्ने कुनै मनासिव कारण भएमा ७ (सात) दिन भित्र विश्वसनीय स्पष्टिकरण पेस गर्नुहुन अनुरोध छ । अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्झौताका सर्तहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्का सम्झौता रद्ध गरी तत्पश्चात् गरिने सम्पूर्ण कानुनी कार्वाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गरिन्छ ।

**तपसिल**

| क्र.स. | ठेक्का विवरण | निर्माण व्यवसायी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|
| १ | Construction of 15 Bed Hospital Building Chaurjahari 09, Rukum (West) | BOKI / JAYABAGESHOWRI MATA J/V | यज्ञबहादुर खत्री |

प्रमुख प्रशासकीय अधिकृत



## श्री सुर्य प्रकाश माध्यमिक विद्यालय

पञ्चपुरी–०२, पलैटे, सुर्खेत

### शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिती : २०८२/१२/०७**

यस श्री सुर्य प्रकाश मा.वि., पञ्चपुरी-०२, पलैटेको कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय अन्तरगत क्वालिटी प्रोजेक्टको नमुना टिभेट शिक्षण संस्था विकासका लागि सहयोग इनोभेसन ल्याव/इक्युवेशन सेन्टरको लागि तपशिलको सामाग्रीको लागि पन्ध्र दिने दरभाउ पत्र निकालिएको छ। इच्छुक संघ संस्थाले आफ्नो आवेदन पेश गर्नुहोला ।

**तपशिल :**

ICT Lab तथा प्राविधिक घरको पुस्तकालय व्यवस्थापनका लागि आवश्यक सामानहरु :

1. Computer Desktop - 13 pics
2. Smart Board/Interactive Board - 3 pics
3. Multiply (2500 Watt) - 13 pics
4. Internative router - 1 pics

**सम्पर्क नम्बरहरु :** प्र.अ. ९८५८०५३४०१, अध्यक्ष-९८५८०४४०५२, कोर्डिनेटर-९८५७०३७१४४


## सामाजिक...

नेपाल आयल निगम कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतको भण्डारण क्षमता अभिवृद्दि सम्बन्धी कार्य तदारुक्ताका साथ सम्पन्न गर्न आवश्यक कार्य नेपाल आयल निगम सुर्खेतले गर्नेछ । साथै कर्णाली प्रादेशिक कार्यालयको भण्डारण नभएका कारण इन्धन डिपो नेपालगञ्जमा रहेको भण्डारण गृहमा मौज्दात पेट्रोलियम पदार्थ मध्ये निश्चित प्रतिशत सुर्खेतको प्रयोगको लागी सुनिश्चितता गर्न आयल निगमले आवश्यक कार्य अघि बढाउने निर्णय भएको छ ।

## अशक्त...

बताए ।

उल्लेखित विषयमा उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, उपभोक्ता मञ्च तथा सरोकारवाला निकायले सूक्ष्म अनुगमन गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालय, सुर्खेत तथा जिल्ला प्रहरी कार्यालय सुर्खेतलाई गराउनु पर्नेछ ।

'नेपाल आयल निगमले गरेको निर्णय सबै ग्याँस विक्रेताहरुले प्रभावकारी रुपमा कार्यान्वयन गुर्नुपर्ने छ,' नेपाल आयल निगम कर्णाली प्रादेशिक कार्यालयका प्रमुख दिपक घिमिरेले भने, 'ग्याँस वितरण, यसको मूल्य तथा तौल सम्बन्धमा कुनै गुनासा र समस्या भए जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा जानकारी गराउन सम्वद्ध सबै उपभोक्ताहरुमा अनुरोध छ ।'

## कर्णालीमा...

(आयल निगम, एलपी ग्याँस विक्रेता, उद्योगी व्यवसायी, उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श, उपभोक्ता मञ्च, नागरिक समाज र सञ्चारकर्मी लगायत) को उपस्थितिमा जिल्लामा एलपी ग्याँस तथा पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्थापनका सम्बन्धमा जानकारी लिएको छ ।

छलफलमा जिल्लाभर एलपी ग्याँस तथा पेट्रोलियम पदार्थको हालको मौज्दातको विषयमा समीक्षा गरिएको थियो । साथै, इन्धन आपूर्तिलाई सहज बनाउन जिल्लाभर रहेका ग्याँस विक्रेताहरुले आफूलाई प्राप्त परिमाण तथा वितरित परिमाणसमेतको दैनिक रुपमा अभिलेख राख्ने र सोको विवरण प्रत्येक दिन जिल्ला प्रशासन कार्यालयमा पेश गर्नुपर्ने भएको छ ।

त्यस्तै, आमउपभोक्ताहरुले एलपी ग्याँसको अनावश्यक सञ्चितीकरण नगर्न नेपाल आयल निगम र सञ्चार माध्ययमबाट सकारात्मक र आवश्यक सचेतनामूलक जानकारी प्रवाह गराउने निर्णय भएको सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्यायले जानकारी दिए ।





९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)





**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।